श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले वीर अस्पताल विकास समिति (गठन) आदेश, २०३७ को दफा (३) को उप-दफा (४) ले दिएको अधिकार प्रयोग गरी वीर अस्पताल विकास समिति पुनर्गठन गरी उक्त समितिको अध्यक्ष र सदस्यहरूमा देहायका व्यक्तिहरूलाई मनोनीत गरेको छ।

(क) श्री ५ को सरकारद्वारा मनोनीत श्री राजकृष्ण श्रेष्ठ — अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी, काठमाडौं — सदस्य

(ग) स्वास्थ्य सेवा विभागका महानिर्देशक वा उप-महानिर्देशक वा मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय स्थापना भएपछि मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशकमध्ये १ (एक) जना — सदस्य

(घ) श्री ५ को सरकारद्वारा मनोनीत विशेषज्ञ डाक्टरहरूमध्येबाट

(१) सिनियर सर्जन डा. सुदीपकुमार भट्टाचार्य — सदस्य

(२) सिनियर फिजिसियन डा. ध्रुवलाल सिंह — सदस्य

(ङ) डाइरेक्टर, टिचिङ हस्पिटल — सदस्य

(च) डाइरेक्टर, परोपकार श्री ५ इन्द्र राज्यलक्ष्मी देवी प्रसूति गृह — सदस्य

(छ) मेडिकल सुपरिन्टेन्डेन्ट, कान्ति बाल अस्पताल — सदस्य

(ज) मेडिकल सुपरिन्टेन्डेन्ट, पाटन अस्पताल — सदस्य

(झ) मेट्रोन, वीर अस्पताल — सदस्य

(ञ) सभापति, स्वास्थ्य सेवा समन्वय समिति — सदस्य

(ट) प्रधानपञ्च, काठमाडौं नगर पञ्चायत — सदस्य

(ठ) मेडिकल सुपरिन्टेन्डेन्ट, वीर अस्पताल — सदस्य-सचिव

आज्ञाले,
चन्द्रकला किरण
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

951

९६२

(४)

### श्री ५ को सरकार

## शिक्षा तथा संस्कृति मन्त्रालयको सूचना

नेपाल शिक्षा सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ३ को उप-नियम (४) को प्रयोजनको लागि नेपाल शिक्षा सेवामा देहायको पद समूहीकृत गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | पद संकेत | स्थान | पद नाम | निर्धारित | | | पदाधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सेवा | श्रेणी | समूह । उप-समूह | | |
| १. | लो।ग्रा।०७।१ | लोक सेवा आयोग | प्रेस सुपर-भाइजर | शिक्षा | रा.प.तृ. | प्रिन्टिङ | रिक्त | २०४१।८।८ को निर्णय अनुसार पद सृजना भएको । |

आज्ञाले,
नरसिंह नारायण सिंह
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।